अनुसूची - ६
(विनियम ११ को (२) सँग सम्बन्धित)

## कर्मचारी सञ्चय कोष

## विनियम ३ को उपविनियम (१) को (ख) अनुरुपका जग्गा/घरजग्गाको धितोमा आधारित सापटी प्रवाह प्रयोजनको लागि धितो लिन सकिने क्षेत्रहरु :

(२८) रुपन्देही जिल्ला

(क) बुटवल उप-महानगरपालिका अन्तर्गत मोटरबाटो रहेका सम्पूर्ण वडाका क्षेत्र,

(ख) पूर्व-पश्चिम लोकमार्गको सैनामैना नगरपालिका अन्तर्गत बनकट्टा देखि सालझण्डी बजारसम्म उत्तररदक्षिण दुवैतर्फ १.५ किलोमिटरसम्मको क्षेत्र ।

(ग) सालझण्डी बजारदेखि अर्घाखाँची जाने ढोरपाटन सडकको फुलबारी चोकसम्म दायाँबायाँ २०० मिटरको क्षेत्र ।

(घ) तामनगर-फर्साटिकर सडकखण्डको दायाँबाँया २०० मिटर सम्मको क्षेत्र,

(ङ) फर्साटिकर बजार क्षेत्र पूर्वतर्फ मैनिहवा, दक्षिण पश्चिमतर्फ शुद्धोधन गाँउपालिकाको कार्यालय सम्मको क्षेत्र,

(च) देवदह नगरपालिका अन्तर्गत पूर्व-पश्चिम लोकमार्गको उत्तर-दक्षिण दुवैतर्फ १.५ किलोमिटरसम्मको क्षेत्र।

(छ) सिद्धार्थ लोकमार्गको बुटवल-भैरहवा सडक खण्ड अन्तर्गत तिलोत्तमा नगरपालिकामा पूर्वतर्फ ५ किलोमिटर, ओमसतिया गाउँपालिकामा पूर्वतर्फ ३ किलोमिटर तथा दुवै पालिकामा पश्चिमतर्फ २ किलोमिटर सम्मको क्षेत्र ।

(ज) सिद्धार्थनगर नगरपालिका अन्तर्गत मोटरबाटो रहेका सम्पूर्ण क्षेत्र ।

(झ) बेलवास बेथरी सडक शुद्धोधन गा.पा. अन्तर्गत बुटवल उपमहानगरपालिकाको सिमानादेखी सियारि गा.पा. को सिमानासम्म पुर्वतर्फ तिनाउ नदिको मापदण्ड बाहेकको क्षेत्र र पश्चिमतर्फ १.५ कि.मि. सम्मको क्षेत्र ।

(ञ) बेलवास बेथरी सडक सियारी गा.पा. अन्तर्गत शुद्धोधन गा.पा. को सिमाना देखी जनता मा. वि. अमुवासम्म पुर्वतर्फ तिनाउ नदिको मापदण्ड बाहेकको क्षेत्र र पश्चिमतर्फ १.५ कि.मि. सम्मको क्षेत्र ।

(२९) नवलपरासी (पूर्व) जिल्ला

(२९.१) कावासोती नगरपालिका :

(क) पूर्व-पश्चिम लोकमार्गको दायाँबायाँ १.५ किलोमिटर सम्मको क्षेत्र ।

(२९.२) देवचुली नगरपालिका :

(क) पूर्व-पश्चिम लोकमार्गको दायाँबायाँ १.५ किलोमिटर सम्मको क्षेत्र ।

(२९.३) गैडाकोट नगरपालिका :

(क) पूर्व– पश्चिम लोकमार्गको दायाँबायाँ १.५ किलोमिटर सम्मको क्षेत्र ।

(३०) नवलपरासी (पश्चिम) जिल्ला

(३०.१) सुनवल नगरपालिका :

(क) सुनवल नगरपालिका देखि बर्दघाट नगरपालिकाको बर्दघाटसम्म पुर्व-पश्चिम लोकमार्गको दायाँबायाँ १.५ किलोमिटरसम्मको क्षेत्र ।

(३०.२) बर्दघाट नगरपालिका :

(क) नगरपालिकाको बर्दघाट चोक देखि त्रिवेणी जाने बाटोको ज्यामिरेभार दुर्गा मन्दिरसम्म ४ किलो मिटर दाँया बाँया २०० मिटर सम्मका क्षेत्र,

(३०.३) रामग्राम (परासी) नगरपालिकाः

(क) नगरपालिकाको देहायका क्षेत्र :

(अ) पूर्व तर्फ बजार क्षेत्रलाई जोड्ने हुलाकी मार्गको पुल सम्मका क्षे त्र,

(आ) पश्चिम तर्फ बजार क्षेत्रलाई जोड्ने हुलाकी मार्गसग जोडिएको पक्की पुलसम्मका क्षेत्र,

(इ) उत्तर तर्फ बजारको उत्तर तर्फ रहेको खानेपानी टंकी सम्मका क्षेत्र,

(ई) दक्षिण तर्फ महेशपुर तर्फ जाने चोक र सो चोक भित्रको बजार क्षेत्र र हुलाकी मार्गको बाहिरी तर्फको २०० मिटर सम्मका क्षेत्र ।

(३०.४) सुनवल – परासी सडक खण्डको दाँया बाँया ५०० मिटर सम्मका क्षेत्र,

(३०.५) भूमही – परासी सडक खण्डको दाँया बाँया ३०० मिटर सम्मका क्षेत्र,

**(३१) कपिलवस्तु जिल्ला**

(३१.१) बाणगंगा नगरपालिका :

(क) पूर्व-पश्चिम राजमार्गको पिपरा चोक देखि सिद्धार्थ बहुमुखी क्याम्पस सम्म दाँया बाँया १.५ किलो मिटर सम्मका क्षेत्र,

(ख) पुर्व-पश्चिम लोकमार्गको बोडगाउँ चोकदेखि कोईली बनगाईसम्म लोकमार्गको दायाँबायाँ १.५ किलोमिटरसम्मको क्षेत्र ।

(ग) जीतपुर ४ नं. चोक देखि तौलिहवा जाने बाटोको ओदारी बजारसम्म दाँया बाँया २०० मिटर सम्मका क्षेत्र ।

(३१.२) बुद्धभूमि नगरपालिका :

(क) पूर्व-पश्चिम लोकमार्गको गोरुसिंहे बजार, बुट्टी चौराह क्षेत्रदेखि लोकमार्गको दायाँबायाँ १.५ किलोमिटरसम्मको क्षेत्र ।

(ख) नगरपालिका अन्तर्गत पूर्वपश्चिम लोकमार्गको डुमरा बजारक्षेत्र, ईमिलिया बजार, बुद्धभूमिचोक, चम्पापूर क्षेत्र अन्तर्गत लोकमार्गको दाँयाबाँया १ किलोमिटरसम्मको क्षेत्र ।

(३१.३) शिवराज नगरपालिका :

(क) पूर्व-पश्चिम लोकमार्गको चन्द्रौटा बजार क्षेत्र र खरेन्द्रपुर बजार क्षेत्रमा लोकमार्गको दायाँबायाँ १ किलोमिटरसम्मको क्षेत्र ।

(ख) शिवपुर बजार क्षेत्रमा १ नं वडा कार्यालयसम्म पूर्वपश्चिम लोकमार्गको दायाँबायाँ १ किलोमिटरसम्मको क्षेत्र ।

(३१.४) कपिलवस्तु नगरपालिका :

(क) भिक्षु चोक देखि नयाँ टोल चोकसम्म सडक खण्डको पूर्व तर्फ ५०० मिटर र पश्चिम तर्फ १०० मिटर सम्मका क्षेत्र,

(ख) नयाँ टोल चोक देखि जिल्ला प्रशासन कार्यालय तथा नगरपालिकाको कार्यालय हुँदै लुम्बिनी जाने बाटोको जमुवार पुलसम्म दाँया बाँया १०० मिटर सम्मका क्षेत्र ।

**(३२) पाल्पा जिल्ला**

(३२.१) तानसेन नगरपालिका :

(क) नगरपालिका अन्तर्गत सिद्धार्थ राजमार्ग बासटाँरी देखि प्रभास बजार क्षेत्र राजमार्गको दाँया बाँया ५०० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिका अन्तर्गत सिद्धार्थ राजमागको बर्तुङ बजार चोक देखि तानसेन बजार जाने काजिपौवा तानसेन बहुमुखी क्याम्पस आसपासका क्षेत्र,

(ग) नगरपालिका अन्तर्गत पूर्व तर्फ आन्दोलन चोक देखि मिसन हस्पिटल जाने बाटोको दायाँ तर्फ १०० मिटर बायाँतर्फ ५०० मिटर सम्मका क्षेत्र,

(घ) नगरपालिका अन्तर्गत आन्दोलन चोक उतर तर्फ तानसेन बजार हुदै लाईन्स अस्पतालको सडक हुदै खानेपानी ट्यांकि सम्मका क्षेत्र,

(ङ) नगरपालिका अन्तर्गत आन्दोलन चोक पश्चिम तर्फ घुम्टी चोक बसन्तपुर कैलाशनगर सम्मका क्षेत्र ।